प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

फोन नं.०५७-५२२८४१
फयाक्स:०५७-५२७५१५
Email .moial.bagmati@gmail.com

पत्र संख्या वि.२०७६/७७

चलानी नं. १०९२

मितिः-२०७६।१०।०३

**विषयः-सूचना प्रकाशित सम्बन्धमा ।**

श्री स्थानीय तह सबै,
बागमती प्रदेश ।

उपरोक्त सम्बन्धमा यस मन्त्रालय बाट *द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने कार्यक्रम सम्बन्धी मिति २०७६।१०।०३ गतेको नयाँ पत्रिकामा प्रकाशित सूचना यसै साथ संलग्न छ ।*

*"द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७६" को अनुसूची-१ बमोजिमको ढाँचामा तोकिएको म्याद भित्र स्थानीय समिति समक्ष पर्न आएका निवेदनहरु समिति बाट छानविन गरि निर्णय सहित रकम निकासाको लागी सिफारिस गरि पठाउनुहुन* निर्देशानुसार अनुरोध छ ।

*बोधार्थ*
श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,
बागमती प्रदेशः-आवश्यक समन्वय गरि सहयोग गरिदिनुहुन ।

(हस्ताक्षर)
ऐश्वल कुमार पोखरेल
अधिकृत पाहौ

श्री IT शाखा
सूचना राखी थप्ने

**पाँचखाल नगरकार्यपालिकाको कार्यालय**
दर्ता मितिः २०७६।१०।०३
दर्ता नं.: २०४८
दर्ता ... हस्ताक्षरः

*(थप जानकारीका लागी मन्त्रालयको website:-www.moial.bagmati.gov.np वा फोन नं.०५७-५२२८४१, ५५२७५१३,५२७५१४ मा बुझ्न सकिने छ ।)*

२०७६।१०।०३ गतेको नयाँ पत्रिकामा प्रकाशित

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

**बागमती प्रदेश**

हेटौंडा, मकवानपुर

## द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति:-२०७६।१०।०३ गते

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक, बेपत्ता परिवार, घाईते तथा अपाङगता भएका व्यक्ति एवं परिवारलाई स्वास्थ्य, सीप विकास तथा क्षमता अभिबृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्ने आर्थिक वर्ष २०७६/०७७ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था अनुसार प्रदेश सरकारबाट स्वीकृत द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७६ अनुसार बागमती प्रदेश भित्रका १३ वटा जिल्लाका द्वन्द्व प्रभावित व्यक्ति र परिवारका सदस्यलाई सहायता गर्ने कार्यक्रम रहेकोले कार्यविधि अनुसार गत वर्ष सहायता रकम नलिएका द्वन्द्व प्रभावित व्यक्ति र परिवारका सदस्यले देहाय बमोजिमको कुनै एक शीर्षकमा सहायता प्राप्तिका लागी कार्यविधिको दफा ३ को उप दफा (११) बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको विवरण खुलाई २०७६ फाल्गुन मसान्त भित्र सम्वन्धित स्थानीयतहमा रहेको स्थानीय समिति वा यस मन्त्रालय समक्ष कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

### सहायता सम्बन्धि व्यवस्था

(१) औषधि उपचार

(२) सीप विकास

(३) स्वरोजगार मूलक व्यवसाय

थप जानकारीको लागी सम्वन्धित स्थानीयतह र मन्त्रालयको website:- www.moial.bagmati.gov.np वा फोन नं ०५७-५२२८४१, ५२७५१३, ५२७५१४ मा बुझ्न सकिने छ।

# द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७६

प्रस्तावनाः संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक, बेपत्ता परिवार, घाईते तथा अपाङ्गता भएका व्यक्ति एवं परिवारलाई द्वन्द्वको पीडा कम गर्न "द्वन्द्व पीडितका साथ प्रदेश सरकार" भन्ने नाराका साथ द्वन्द्वपीडित परिवारहरुका लागि स्वास्थ्य, सीप विकास तथा क्षमता अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्न आ.व. २०७६ /०७७ को नीति, कार्यक्रम तथा बजेटमा भएको व्यवस्था कार्यान्वयन गर्न प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि २०७६"** रहेको छ ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "द्वन्द्व प्रभावित परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक, बेपत्ता, घाईते तथा अपाङ्गता भएका व्यक्ति तथा द्वन्द्व पीडितका परिवारलाई सम्झनु पर्छ।

(ख) "परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरुका सहिद, मृतक, बेपत्ता भएका परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, नातिनातिना, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष र अविवाहिता महिलाको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिलाको हकमा निजको सासू, ससुरा समेतलाई जनाउँछ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन गरिएको निर्देशन तथा अनुगमन समिति सम्झनु पर्छ।

(च) "सहायता प्राप्त गर्ने व्यक्ति" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुका सहिद, बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारको व्यक्ति सम्झनु पर्छ ।

घाईते र अपाङगहरुको अपाङगताको किसिम र प्रतिशतको आधारमा थप सहायताका लागि निर्देशन तथा अनुगमन समितिको सिफारिसमा मन्त्रलायले आवश्यक निर्णय गर्न सक्नेछ ।

(७) उपदफा (१) बमोजिम सीप विकास तालिममा सहभागी हुनको लागि अनुसूची-२ मा उल्लेखित कुनै एक विषय छनौट गरी स्थानीय समितिमा निवेदन पेश गर्नु पर्नेछ ।

(८) स्थानीय समितिले निवेदकहरुको प्राप्त मागको आधारमा निर्णय गरी सिफारिस सहितको विवरण मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

(९) स्थानीय समितिबाट प्राप्त सिफारिस र मन्त्रालयमा समेत परेका निवेदनहरुको आधारमा निवेदकलाई मन्त्रालयले सरकारी, अर्धसरकारी तथा निजी तालिम प्रदायक संस्थासँगको सहयोग, समन्वयन र सहकार्यमा तालिम सञ्चालन गर्नेछ ।

(१०) स्वरोजगार मूलक व्यवसाय गर्न चाहने व्यक्तीले निवेदन साथ व्यवसाय सञ्चालनका लागि आवश्यक सिपको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, स्थानीय तहको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना सहित व्यवसाय गर्न चाहेमा रु.५०,०००/- सम्मको बिउ पुंजी दफा ६ को उपदफा (२) बमोजिमको समतिको सिफारिसमा मन्त्रालयले उपलब्ध गराउन सक्नेछ ।

(११) निवेदकले **अनुसूची -१** बमोजिमको ढाँचामा भरेको निवेदनका साथ देहायका कागजात संलग्न गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुका सहिद भएका परिवार, बेपत्ता भएका परिंवार एवं घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारलाई आधिकारिक निकायबाट जारी भएको परिचय पत्र / यस भन्दा अगाडि सहायता प्राप्त भएको कागजातहरु,

(ग) आफूले चाहेको सहयोगको विवरण सहितको निवेदन,

(घ) चिकित्सकको प्रेश्कृप्सन र औषधि खरिद गरेको सक्कल बिल (औषधि उपचारको हकमा),

(ङ) स्वरोजगार मूलक व्यवसाय गर्न चाहने व्यक्तीले व्यवसायका लागि आवश्यक सिपको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, स्थानीय तहको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना

(ङ) महाशाखा/शाखा प्रमुख, सम्बन्धित स्थानीय तह (स्वास्थ्य क्षेत्र हेर्ने) - सदस्य

(च) रोजगार संयोजक सम्बन्धित स्थानीय तह -सदस्य

(२) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले समितिको सचिवको रुपमा काम गर्नेछ।

(३) स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त हुन आएका निवेदन उपर छानविन गर्ने,

(ख) मनासिव देखिएका निवेदनका उपर तोकिए बमोजिमको रकम, तालिम र व्यवसाय सहायता उपलब्ध गराउन सिफारिस गर्ने,

(ग) सहायता रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(घ) सहायता रकम दुरुपयोग हुन नदिन आवश्यक व्यवस्था मिलाउने,

(ङ) आम्दानी र खर्च सहितको बार्षिक प्रतिवेदन समितिमा पेश गर्ने,

(च) समितिको निर्देशन अनुसार अन्य कार्यहरु गर्ने ।

६. **<u>बजेट निकासा प्रक्रियाः</u>** (१) स्थानीय समितिको निर्णयबाट सिफारीस भई आएका निवेदन अनुसारको रकम मन्त्रालयले सम्बन्धित स्थानीय तहमा पठाउनेछ र सोही स्थानीय तहबाट सम्बन्धित व्यक्तिलाई सहायता रकम उपलब्ध गराइनेछ ।

(२) मन्त्रालयमा प्राप्त हुन आएका निवेदनहरुको छानबिन गरी सहायता रकम उपलब्ध गराउन मन्त्रालयलाई सिफारिस गर्न मन्त्रालयमा देहायको समिति रहनेछः-

(क) सम्बन्धित माहाशाखा प्रमुख - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) सम्बन्धित शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिसमा मन्त्रालयले सहायता रकम उपलब्ध गराउनेछ ।

(४) आर्थिक वर्षका अन्त्यमा खर्च नभई बाँकी रहको रकम गाउँ कार्यपालिका/नगर कार्यपालिकाले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

७. **<u>भुक्तानी प्रक्रियाः</u>** दफा ६ बमोजिमको रकम प्राप्त भएपछि मन्त्रालय र सम्बन्धित स्थानीय तहहरुले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुका सहिद, बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडीत परिवारका सदस्यको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ ।

अनुसूची - १

दफा ४ को उपदफा (१) संग सम्बन्धित

**<u>निवेदनको ढाँचा</u>**

पासपोर्ट साइजको फोटो

मिति :

विषय :सहयोग रकम पाउँ ।

श्री संयोजकज्यू

स्थानीय समिति, ----------------------- ।

म राजनैतिक आन्दोलनमा बेपत्ता परिवार /घाइते /अपाङ्गता भएका व्यक्ति /द्वन्द्व पीडित परिवार भएकाले **<u>द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७६</u>** को दफा ३ बमोजिमको औषधि उपचार / सीप विकास तालिम / स्वरोजगार मूलक व्यवसाय सञ्चालनको लागि निम्न लिखित कागजात संलग्न गरी सहयोग रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजात (सम्लग्न रहेको रेजा लगाउने)

१.नेपाली नागरिकताको प्रतिलिपि

२. हालसालै खिचेको २ प्रति फोटो

३. चिकित्सकको प्रेश्कृप्सन र औषधि खरिद गरेको सक्कल बिल (औषधि उपचारको हकमा)

४. स्वरोजगार मूलक व्यवसाय गर्न चाहने व्यक्तीले व्यवसायका लागि आवश्यक सिपको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, स्थानीय तहको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना

५.सम्बन्धित माग निवेदन सँग पुष्ट्याई हुने अन्य कागजातहरु

निवेदकको

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः

(छ) "स्थानीय तह" भन्नाले प्रदेश भित्रका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेत जनाउँछ।

(ज) "स्थानीय समिति" भन्नाले दफा ५ बमोजिम गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

३. <u>सहायता सम्बन्धी व्यवस्थाः</u> (१) द्वन्द्व प्रभावित परिवारका सदस्यले देहाय बमोजिम कुनै शीर्षकमा सहायता प्राप्त गर्न देहाय बमोजिमको विवरण खुलाई स्थानीय समिति समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) औषधि उपचार,

(ख) सीप विकास तालिम,

(ग) स्वरोजगार मूलक व्यवसाय ।

(२) उपदफा (१) बमोजिमको निवेदन कुनै कारणले स्थानीय समिति समक्ष पेश गर्न नसकेमा मन्त्रालयमा समेत निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम उपचार गरेको छ महिना भित्र प्राप्त निवेदन मागको आधारमा देहायको औषधि उपचारको लागि रु. ३०,०००/- मा नबढ्ने गरी औषधि उपचार खर्च उपलब्ध गराइनेछः-

(क) परीक्षण तथा औषधि खर्चको बिल बमोजिमको रकम,

(ख) अस्पतालमा भर्ना भई उपचार गराउदा परीक्षण तथा औषधि खर्चका अतिरिक्त ७ दिनसम्म खाना खर्च बापत विरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.५००।- दरले विल बमोजिमको रकम ।

(४) विशेष अवस्थामा दफा ६ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा आवश्यकता र औचित्यका आधारमा उपदफा (३) मा उल्लिखित रकममा नबढ्ने गरी थप रकम स्वीकृत गर्न सक्नेछ ।

(५) घाईते तथा अपाङग भएका व्यक्तीहरुको दैनिक जीवनलाई सरल र सहज बनाउने आवश्यक सहयोगी सामाग्रीहरुको प्राप्त वा तोकिएको रकममा विल बमोजिम नबढ्ने गरी सहयोग रकम उपलब्ध गराउन सकिनेछ ।

(६) गम्भीर प्रकृतीका द्वन्द्व पीडित घाईते एवं अपाङगहरुको हकमा उपचार एवं कृतिम अङ्गहरु राखुपर्ने भई दफा ३ को उपदफा (३) बमोजिमको सहायता रकम अपूग भएमा त्यस्ता

(च) सम्बन्धित माग निवेदनसँग पुष्ट्याई हुने अन्य कागजातहरु

(१२) उपदफा (१) बमोजिम सहायता वितरण गर्दा तेह्र जिल्लाका जिल्ला प्रशासन कार्यालयवाट प्राप्त अभिलेखलाई आधार मानी जिल्लागत अनुपातको आधारमा प्रति परिवार रु. ३०,०००/- नबढने गरी सहायता रकम वितरण गरिनेछ ।

४. **निर्देशन तथा अनुगमन समितिः** (१) द्वन्द्व प्रभावित परिवारका सदस्यलाई दफा ३ बमोजिम उपलब्ध हुने सहायता, रकम र कार्यक्रमको अनुगमन र समीक्षा गर्नका लागि देहाय बमोजिमको निर्देशन तथा अनुगमन समिति रहनेछ :-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(च) प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

(छ) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय समितिलाई आवश्यक निर्देशन, समन्वय र सहयोग गर्ने,

(ख) कार्यक्रमको अनुगमन गर्ने,

(ग) कार्यक्रमको उपयोगिता र सान्दर्भिकताको बारेमा समीक्षा गर्ने,

(घ) स्थानीय समितिलाई राय सुझाव दिने,

(ङ) यस कार्यविधि कार्यान्वियनमा कुनै बाधा अडचन वा द्विविधा भएमा त्यस्तो बाधा अड्चन र द्विविधा फुकाउने ।

५. **स्थानीय समितिः** (१) स्थानीय तहमा आर्थिक सहायता सिफारिस गर्न र कार्यक्रमको गुणस्तरीयता तथा सदुपयोग सुनिश्चितता प्रदान गर्न देहाय बमोजिम एक स्थानीय समिति हुनेछ :-

(क) प्रमुख, सम्बन्धित स्थानीय तह -संयोजक

(ख) उपप्रमुख सम्बन्धित स्थानीय तह -सह संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह - सदस्य

(घ) प्रशासन योजना महाशाखा/शाखा प्रमुख, सम्बन्धित स्थानीय तह - सदस्य

८. **<u>प्रतिवेदनः</u>** स्वीकृत कार्यक्रम अनुसारको आम्दानी र खर्च सहितको बार्षिक प्रतिवेदन गाउँ कार्यपालिका/नगर कार्यपालिकाले अनिवार्य रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउनु पर्नेछ।

९. **<u>सहायता रकमको सीमाः</u>** यस कार्यविधि बमोजिमको सहायता रकम विनियोजित रकमको सीमा भित्र रहेर उपलब्ध गराइनेछ ।

१०. **<u>दोहोरो सहायता लिन नहुनेः</u>** (१) दफा ३ को उपदफा (१) मा तोकिएका शीर्षकमा एक व्यक्ति वा परिवारका लागि कुनै एक शीर्षकबाट मात्र सहायता उपलब्ध गराइनेछ । त्यस्तो सहायताको लागि निवेदन दिदाँ कुनै एक शीर्षकमा मात्र निवेदन दिनु पर्नेछ।

(२) एक पटक सहायता रकम लिई सकेका द्वन्द प्रभावित व्यक्ति वा परिवारले त्यस्तो सहायता पुनः लिन पाउने छैन ।

११. **<u>झुठा विवरण पेश गरी आर्थिक सहायता लिनेलाई कारबाहीः</u>** झुठा विवरण वा यथार्थ भन्दा बढी खर्च देखाई स्वीकृत मापदण्ड भन्दा बढी रकम सहायता लिएको पाइएमा सम्बन्धित सहायता रकम लिने व्यक्तिबाट बढी बुझी लगेको रकम र झुठा विवरण पेश गरी लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१२. **<u>मापदण्ड भन्दा बढी सहायता रकम दिने निर्णय गर्ने र खर्च गर्न नहुनेः</u>** (१) यस कार्यविधिमा उल्लिखित सीमा भन्दा बढी हुने गरी कुनै व्यक्तिलाई सहायता रकम दिन पाईने छैन ।

(२) उपदफा (१) को मापदण्ड विपरित हुने गरी सहायता रकम दिएको पाइएमा त्यसरी दिएको रकम सरकारी बाँकी सरह भुक्तानी दिने अधिकारीबाट असूल उपर गरिनेछ ।

१३. **<u>लेखा तथा लेखापरीक्षणः</u>** (१) सहायता रकम खर्चको लेखा तथा लेखा परीक्षण प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) सहायता रकम खर्च गर्ने निकायको लेखा उतरदायी अधिकारीले खर्च रकमको लेखा राख्ने र लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## अनुसूची - २

### (दफा ३ को उपदफा (६) संग सम्बन्धित)

### सीप विकास तालिमका विषयहरुको विवरण

कुनै एक शीर्षकमा रेजा लगाउने

१. मोबाइल मर्मत
२. इलेक्ट्रोनिक तालिम
३. प्लम्बीङ्ग तालिम
४. हाउस वाइरिङ्ग र इलेक्ट्रीकल तालिम
५. भेटनरी तालिम
६. सैलुन
७. Hospitality सम्बन्धी (कुक, वेटर, हाउसकिपिङ्ग लगायत)
८. ड्राइभिङ्ग (हलुका सवारी, हेभी र मेशीनरी)
९. ब्युटी पार्लर
१०. हेन्डीक्राफ्ट सम्बन्धी तालिम (बाँसबाट सामान बनाउने, गुडीया बनाउने र नेपाली कागज बनाउने लगायत)
११. सिलाई कटाई तालिम
१२. व्यवसायिक पशुपालन र कृषि